

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७०८९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २२९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौ १७ गते शुक्रबार ❑ 2 Sept. 2022 ❑ पृष्ठ ६ ❑ मूल्य रु. ५ ।-


## आन्तरिक राजश्व कार्यालय पोखराको साउन महिनामा ११० प्रतिशत प्रगति

पोखरापत्र संवाददाता
पोखरा, १६ भदौ

आन्तरिक राजश्व कार्यालय पोखराले चालु आर्थिक वर्ष २०७९/०८० को पहिलो एक महिना अर्थात साउन महिनामा ११० प्रतिशत प्रगति हासिल गर्न सफल भएको छ।

कार्यालयको ४० करोड ४० लाख ६८ हजार साउन महिनामा राजश्व संकलन गर्ने लक्ष्य रहे पनि साउन महिनामा ११०.२२ प्रतिशत अर्थात ४४ करोड ५३ लाख ५७ हजार रुपैया राजश्व संकलन गर्न सफल भएको आन्तरिक राजश्व कार्यालय पोखराका प्रमुख कर अधिकृत रमेश शर्माले बताए।

कार्यालयले लक्ष्य भन्दा ४ करोड १२ लाख बढी राजश्व संकलन गर्न सफल भएको उनले जनाए। त्यसै गरी कार्यालयले साउन महिनामा आयकर तर्फ १०४.०९ प्रतिशत प्रगती गरेको छ अर्थात १७ करोड ९१ लाख ८० हजार राजश्व संकलन गर्ने लक्ष भए पनि १८ करोड ६५ लाख २ हजार राजश्व संकलन भएको प्रमुख कर अधिकृत शर्माले बताए।

मुआकर तर्फ १०८.२३ प्रतिशतले प्रगति भएको छ जसमध्ये १४ करोड १९ लाख १४ हजार राजश्व संकलनको लक्ष्य भए पनि १५ करोड ३५ लाख ८६ हजार रुपैया राजश्व संकलन भएको कार्यालयले जनाएको छ । व्याज तर्फ कार्यालयले साउनमा मात्र १०८.३८ प्रतिशत प्रगति गरेको छ अर्थात ६ करोड ३९ हजार राजश्व संकलनको लक्ष्य भए पनि साउनमा ६ करोड ५० लाख ६७ हजार रुपैया राजश्व संकलन भएको उनले जनाए।



व्यवसायीक घर वहाल कर तर्फ नयाँ आर्थिक वर्ष सुरु भएकोले यसमा न्यून ३७.३९ प्रतिशत अर्थात ८७ लाख ९४ हजार राजश्व संकलनको लक्ष्य भए पनि ३२ लाख ८८ हजार रुपैया राजश्व संकलन भएको कार्यालयले जनाएको छ।

साउन महिनामा अन्त शुल्कः तर्फ २६१ प्रतिशतले प्रगती भएको छ । साउन महिनामा १ करोड ४१ लाख ४१ हजार राजश्व संकलनको लक्ष्य रहे पनि कार्यालयले ३ करोड ६९ लाख १३ हजार रुपैया राजश्व संकलन गर्न सफल भएको छ । गत बर्ष कार्यालयले ४ अर्ब ८९ करोड ९ हजार रुपैया राजश्व संकलन गर्न सफल भएको थियो।

## झरीले जनजीवन प्रभावित

पोखरापत्र संवाददाता
पोखरा, १६ भदौ

निरन्तरको झरीले जनसाधारणमा कष्ट थपेको छ। सडक, बिजुलीजस्ता जरुरी सेवा रोकिँदा जनजीवन प्रभावित बनेको हो। कतै पहिराको त्रास छ, कतै डुबानको।

गए रातिदेखि अवरुद्ध पोखरा-बागलुङ राजमार्ग अपराह्नपछि बल्ल सञ्चालनमा आएको छ । पर्वतको मोदी गाउँपालिका-५ अम्बोटमा पहिरो खस्दा सवारी आउजाउ रोकिएको थियो। डोजर लगाएर पहिरो पन्छाएपछि बिहीबार दिउँसो १:३० बजेदेखि सडक खुलेको ट्राफिक प्रहरी कार्यालय पर्वतका प्रहरी सहायक निरीक्षक ताराप्रकाश खत्रीले जानकारी दिनुभयो। 'गए राति ३ बजेदेखि सडक अवरुद्ध थियो, चार घण्टा लगाएर सञ्चालनमा ल्यायौँ', उहाँले भन्नुभयो।

मध्यपहाडी लोकमार्गमा पर्ने उक्त खण्डमा पहिरो खस्दा पोखरा हुँदै धौलागिरि क्षेत्रमा चल्ने छोटो तथा लामो दूरीका सवारीसाधन बाटैमा रोकिएका थिए। यात्रु घण्टौँसम्म जाममा फसेका थिए । बागलुङ-पोखरा चल्ने जीपका चालक राजेन्द्र विकले पहिरो हटाएपछि यात्रा सहज भएको बताउनुभयो । उहाँले ग्रामीण भेगका सडकमा बर्सातले झन क्षति पुऱ्याएको उल्लेख गर्नुभयो । 'तीजको दिनदेखि नै पानी परिरहेको छ, गाउँमा जहाँतहीँका बाटा बिग्रेका छन्, जोखिम मोलेर यात्रा गर्नुपर्छ', विकले भन्नुभयो । बर्सातसँगै परेको चट्याङले विद्युत् सेवामा पनि अवरोध पुऱ्याएको छ । पोखराको बलाममा गए राति परेको चट्याङले तार चुँडाल्दा पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङमा विद्युत् अवरुद्ध बनेको नेपाल विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रका प्रमुख दिलीप मरासिनीले बताउनुभयो । 'तारमा क्षति पुगेका ठाउँमा अहिले मर्मतकार्य चलिरहेको छ, साँझसम्म बिजुली बल्छ', उहाँले भन्नुभयो । बिजुली अभावले नेटवर्क कमजोर बन्दा टेलिफोन र इन्टरनेट सेवा पनि प्रभावित हुन पुगेको छ। वर्षा ऋतु सकिने बेलातिर परेको झरीले जनजीवन कष्टकर बनेको हो । पोखरा आसपासको मौसम अहिले पनि धुम्म छ।

## पोखराका निजी शौचालय सार्वजनिक प्रयोगमा

पोखरापत्र संवाददाता
पोखरा, १६ भदौ

पोखरा महानगरपालिकाले व्यक्ति तथा निजी कम्पनीका शौचालयलाई सर्वसाधारणले निःशुल्क प्रयोग गर्ने गरी सञ्चालनमा ल्याएको छ।

देशकै मुख्य पर्यटकीय सहर पोखराको बजार क्षेत्रमा अत्यावश्यक सार्वजनिक शौचालय नहुँदा सर्वसाधारणले सास्ती पाइरहेको अवस्थामा महानगरले बिहीबारदेखि निजी साझेदारीमा ३२ वटा शौचालयलाई सार्वजनिक प्रयोगमा ल्याएको हो।

महानगरले सार्वजनिक सूचना जारी गरी शौचालय उपयोग गर्न दिन इच्छुक व्यक्ति तथा संस्थालाई साउन मसान्तभित्रमा महानगरमा निवेदन दिन आह्वान गरेअनुसार सार्वजनिक उपयोगमा ल्याउन इच्छा देखाएका व्यक्ति तथा व्यावसायिक संस्थासँग सम्झौता गरिएको हो । विभिन्न व्यक्ति, कम्पनी, वित्तीय संस्थाबाट सो संख्यामा अनुमति प्राप्तपछि सञ्चालनमा ल्याइएको महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो । प्रयोगकर्तालाई सार्वजनिक शौचालय पहिचान गर्न सजिलो होस् भनेर सबैमा एकै प्रकारको सङ्केत चिह्न राखिएको छ । महानगर कार्यपालिका बैठकले महानगरका ३३ वटै वडामा सुविधासम्पन्न सार्वजनिक शौचालय बनाउने निर्णय गरिसकेकाले आगामी एक वर्षभित्रमा निर्माण गरिने र सो समयसम्मका लागि निजी शौचालय प्रयोग गर्ने गरी सम्झौता भएको आचार्यले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'सहरभित्र सार्वजनिक शौचालय नहुँदा कति सास्ती बेहोर्नुपर्दछ भनेर सबैले अनुभूति गरेकै विषय हो । सार्वजनिक नीति साझेदारीअनुसार मिलेर काम गर्दा नतिजा दिन सकिन्छ भन्ने भएको छ। शौचालय बाहिर देखिने गरी लोगो राखिएकाले कसले साझेदारी गरेको भन्ने स्पष्ट हुन्छ।'



महानगरले सार्वजनिकरूपमा निःशुल्क उपयोग गर्न दिएबापत त्यस्ता व्यक्ति वा संस्थालाई महानगरबाट उपलब्ध हुने सेवा सुविधामा प्राथमिकता दिने गरी नीतिगत व्यवस्था गरिने जनाएको छ। शौचालय प्रयोग गर्न दिन मञ्जुर व्यक्ति वा संस्थासँग आगामी एक वर्षका लागि सम्झौता गरिएको शौचालयमा आवश्यक पर्ने सफाइ एवं स्यानिटरी सामग्री महानगरले आवश्यकताअनुसार उपलब्ध गराउने प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारतीले बताउनुभयो।

उहाँका अनुसार प्रयोगमा ल्याइएका स्थानमा विशेष पहिचानयुक्त लोगो वा सङ्केत राखिएकाले सर्वसाधारणलाई अलमल हुने छैन। महानगरले सम्झौता गरेकामा व्यक्तिगत घर, बैंक तथा वित्तीय संस्था, व्यापारिक कम्प्लेक्स, पेट्रोल पम्प, होटल तथा रेष्टुराँ आदि रहेका छन्।

## स्याङ्जा काँग्रेसले खटायो प्रतिनिधि

प्रकाश डोटेल
स्याङ्जा, १६ भदौ

आगामी मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनलाई लक्षित गर्दै स्याङ्जा काँग्रेसले प्रतिनिधि खटाएको छ । 'जनताको साथमा काँग्रेस' भन्ने अभियानलाई सार्थक बनाउन काँग्रेस स्याङ्जाले जिल्लाका ११ स्थानीय पालिकाका लागि प्रतिनिधि खटाएको हो।

नेपाली काँग्रेसको निर्वाचन लक्षित केन्द्रिय अभियानलाई सार्थक बनाउन पालिका स्तरमा प्रतिनिधि खटाएको काँग्रेस स्याङ्जा प्रवक्ता भरतप्रसाद लम्सालले जानकारी दिए । खटिएका प्रतिनिधिले पालिका तहमा 'जनताको साथमा काँग्रेस' अभियानलाई मतदाताको घरदैलोमै पुऱ्याउने छन्।

जिल्लाका ११ पालिका मध्ये काँग्रेस स्याङ्जाको बैठकले नगरपालिका तर्फ पुतलीबजारमा महाधिबेशन प्रतिनिधिप्रेमराजपौडेल,भीरकोटमा युवा नेता अर्जुनप्रकाश अर्याल, वालिङमा जिल्ला उपसभापति शेरबहादुर थापा, गल्याङमा युवा बौद्धिक नेता युवराज पाण्डे र चापाकोटमा महाधिबेशन प्रतिनिधि महेन्द्र श्रेष्ठलाई खटाएको छ।

काँग्रेस स्याङ्जाले दिएको जानकारी अनुसार गाउँपालितका तर्फ फेदीखोलामा ध्रुबबन्धु पौडेल, आँधीखोलामा तारा मल्ल, अर्जुनचौपारीमा गोबिन्द्रबहादुर रानाभाट, बिरुवामा देबेन्द्र गुरुङ, हरिनासमा डोलबहादुर खड्का, र कालिगण्डकीमा शिब गिरि खटिएका छन्।

पालिका स्तरमा खटिएका जिलला प्रतिनिधिले वडा वडामा काँग्रेस कार्यकर्ताको भेला गरी निर्वाचन लक्षित रणनीति तयार गर्ने छन्। लक्षित रणनीति अनुरुप निर्वाचनमा कार्यकर्ताले मतदाताको घरघरमा पुगेर 'जनताको साथमा काँग्रेस' भन्ने अभियानलाई सार्थक बनाउने लक्ष्य राखिएको स्याङ्जा काँग्रेसले जनाएको छ।

## भदौ २२ गतेसम्म उम्मेदवार सिफारिस गर्न एमालेको निर्देशन

रासस
काठमाडौं, १६ भदौ

नेकपा (एमाले) ले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि यही भदौ २२ गतेभित्र उम्मेदवारको नाम सिफारिस गर्न मातहतका कमिटीलाई निर्देशन दिएको छ।

एमालेको यही भदौ १० र ११ गते सम्पन्न चौथो केन्द्रीय कमिटीको बैठकका निर्णयलाई भदौ १५ गते पार्टीका अध्यक्ष केपी शर्मा ओलीले जारी गर्नुभएको अन्तरपार्टी निर्देशन-५ मा उम्मेदवार सिफारिसको अन्तिम मिति भदौ २२ गतेलाई तोकिएको हो । उम्मेदवार सिफारिस गर्दा पार्टीको नीति र कार्यक्रमप्रति प्रतिबद्ध, लोकप्रियता र विजयको सुनिश्चितता, पार्टीप्रतिको निष्ठा र आन्दोलनमा योगदान, सन्तुलन र समावेशीता, निर्वाचन कानूनबमोजिमको योग्यतालगायतका आधार निर्धारण गरिएको छ । निर्वाचन क्षेत्र कमिटीबाट गरिने सिफारिसमा जिल्ला र प्रदेश कमिटीले रायसहित केन्द्रमा सिफारिस गर्नुपर्नेछ । समानुपातिकतर्फ सिफारिस गर्दा समावेशीताका आधारमा गर्नुपर्नेछ भने जनसङ्गठनको केन्द्रीय तहबाट एक जना महिलासहित तीन जनालाई समानुपातिकमा सिफारिस गर्नुपर्ने छ।


### विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

◆ सञ्चारमाध्यमले आफ्नो प्रभाव, पहुँच र लोकप्रियताका आधारमा विज्ञापनको दर कायम गरौं।

◆ विज्ञापन दरमा छुट दिनेभए सो समेत उल्लेख गरौं।

◆ निर्धारित दर सार्वजनिक गरौं र विज्ञापन वोर्डमा समेत पठाऔं।

◆ तोकिएको दर र छुटको सिमामा रही कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# लामाचौर राष्ट्रिय भलिबल वर्षाले पुरुषतर्फको फाइनल स्थगित, टिमले बाँडे पुरस्कार

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ भदौं**

२४ औं संस्करणको लामाचौर तीज महोत्सव-२०७९ अन्तरगत लामाचौर कप राष्ट्रिय भलिबल प्रतियोगिताको पुरुषतर्फको फाइनल खेल स्थगित भएको छ।

बिहीबार बिहान १० बजे नेपाल पुलिस क्लब र गण्डकी प्रदेश टिमबीच हुने भनिएको फाइनल निरन्तर वर्षाका कारण आयोजक नवआदर्श सामुदायिक विकास समाजले स्थगित गर्ने निर्णय गरेको हो । भदौ ११ देखि सुरु भई भदौ १४ गते सम्पन्न गर्ने कार्यतालिका रहेकोमा निरन्तर वर्षाले इन्द्रराज्य लक्ष्मी मावि लामाचौरको भलिबल कोर्टमा आयोजित प्रतियोगिता संचालनमा कठिनाइ पर्दै आएको थियो । प्रतियोगिताको अवधि दुई दिन थप गर्दा समेत बिहीबार पनि तेस्रो स्थान र फाइनल गरी दुवै एकै दिन संचालन गर्न कठिन भएपछि आयोजक नवआदर्श सामुदायिक विकास समाज, जुरी निर्णायक तथा सम्बन्धित टिमका टिम व्यवस्थापक, टिम कोच, क्याप्टेन सहितको बैठकले खेल स्थगित गरी पुरस्कार बाँडेर लिने निर्णय गरेको हो।

साथै आयोजकको तर्फबाट अध्यक्ष रेश्मा शेरचन अधिकारीले विज्ञप्ति जारी गर्दै वर्षा बाधक बनेको र इन्द्रराज्य लक्ष्मी माविको पठनपाठनसमेत असर पर्ने भएपछि प्रतियोगिताको फाइनल तथा तेस्रो स्थानको खेल खेलाउन नसकेकोमा क्षमायाचना गरेकी छन् । सो निर्णय बमोजिम फाइनलमा पुगेको नेपाल पुलिस क्लब र गण्डकी प्रदेशको टिमले प्रथम पुरस्कार र दोस्रो पुरस्कार वापत जोडेर हुने कुल २ लाख ५० हजार २ सय २२ रुपैयाँ आधा आधा बाँडेर लिएका छन् । उपाधीसहित प्राप्त हुने ट्रफीमा अर्को एक थप गरी दुवै टिमलाई बाँडिएको प्रतियोगिताका सूचना तथा संचार उपसमिति संयोजक बुद्धिबहादुर खत्री क्षेत्रीले जानकारी दिए।

यसैगरी, तेस्रो स्थानको लागि प्रतिस्पर्धाको तयारीमा रहेका त्रिभुवन आर्मी क्लब र सशस्त्र प्रहरी बल एफिएफको टिमले तेस्रो स्थान वापत प्राप्त हुने ५० हजार १ सय ११ रुपैयाँ बाँडेर लिएका छन् । तेस्रोलाई प्राप्त हुने ट्रफी समेत थप गरि प्रदान गरिएको आयोजक समितिका द्वितीय उपाध्यक्ष दिनेश भण्डारीले जानकारी दिए । प्रतियोगिताको पहिलो सेमिफाइनलमा एपिएफलाई ३-२ सेटले पराजित गर्दै गण्डकी फाइनल पुगेको थियो । दोस्रो सेमिफाइनलमा नेपाल पुलिसले त्रिभुवन आर्मीलाई ३-१ सेटमा हराउँदै उपाधि नजिक पुगेको थियो । बुधबार भएको महिलातर्फको भलिबल प्रतियोगिताको उपाधि नेपाल पुलिसले जितेको छ । न्यु डायमण्ड एकेडेमीलाई सोझो सेटमा पराजित गर्दै साविक विजेता पुलिसले उपाधि सहित १ लाख ५० हजार १११ पुरस्कार प्राप्त गरेको हो ।

नवआदर्श सामुदायिक विकास समाजले हरेक वर्ष तीजको अवसरमा तीज महोत्सवमा महिला राष्ट्रिय भलिबल प्रतियोगिता गर्दै आएकोमा यसपालि पुरुषतर्फको विधा थप गरिएको थियो । प्रतियोगितामा महिलातर्फ ४ र पुरुषतर्फ ५ टिमले भाग लिएको रेफ्री संयोजक टहल सिह थापाले बताए ।

# व्यवसायीको समस्या समाधान र संघको आर्थिक स्रोत बढाउन प्रतिबद्ध पवन प्रजापति समूह

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ भदौं**

पोखरा उद्योग वाणिज्य संघको आसन्न ३४ औं महाधिवेशनमा अध्यक्षका प्रत्यासी रहेका पवन प्रजापतिले उद्योगी व्यवसायीहरुलाई प्रत्यक्ष अनुभव हुनेगरि आफूले नेतृत्व लिने प्रतिबद्धता जनाएका छन् ।

लामो ईतिहास र गरिमा बोकेको उद्योग वाणिज्य संघमार्फत व्यवसायीहरुको पीरमर्काको साझेदारी गर्न आफूले उम्मेदवारी दिएको उनले तर्क गरे । भदौ २४ र २५ गते हुन लागेको संघको महाधिवेशनको सन्दर्भमा आफ्नो प्यानलसहित घरदैलो गरिरहेका प्रजापतिले संघप्रति व्यवसायीको अपनत्व बढाउने काम आफ्नो नेतृत्वको समूहले गर्ने बताए । लामो समयको लकडाउनका कारण व्यवसायीहरु मर्कामा रहेको यथार्थ आफूले बुझेको र व्यवसायीहरुलाई साँच्चै विभिन्न खाले समस्याबाट बाहिर ल्याउन संस्थागत रुपमा गर्नुपर्ने कार्ययोजना आफूसंग रहेको उनले बताए । 'यो समयमा बैंकको ब्याज, घरभाडामा आएको वृद्धि,



महंगी र राज्यस्तरबाट विभिन्न वहानामा हुने प्रहारले व्यवसायीहरु खुब समस्यामा छन् ।' उनले भने - 'यी सबै समस्याहरुको एकमुस्ट समाधान गर्नका लागि पोखरा उद्योग वाणिज्य संघको नेतृत्वमा आएपछि मैले संस्थागत रुपमा काम गर्नेछु ।' अध्यक्षका प्रत्यासी प्रजापतिले आफू नेतृत्वमा आएसंगै पोखरा उद्योग वाणिज्य संघको आर्थिक स्रोत बढाउन पनि भुमिका खेल्ने बताएका छन् । उनले आर्थिक स्रोत बढाउनका लागि उद्योग वाणिज्य संघको सचिवालयलाई आधुनिक मलको रुपमा विकसित गर्ने, सदस्यता संख्या वृद्धि गर्ने र विभिन्न भगिनी सम्बन्ध भएका संस्थाहरुमार्फत साझेदारीमा सामाजिक क्रियाकलाप गर्ने आफ्ना योजना सुनाए । चिप्लेढुंगास्थित पोखरा ट्रेड मल र न्यूरोड आसपासका व्यवसायीहरुमाझ घरदैलोको क्रममा उनले आफ्ना कार्ययोजनाहरु सुनाएका हुन् । लामो समयदेखि विभिन्न तहमा रहेर पोखरा उद्योग वाणिज्य संघमा रहेर काम गरिरहँदा आफू व्यवसायीहरुको पीरमर्कासँग नजिकबाट साक्षात्कार गर्न पाएकोले पनि नेतृत्वमा रहेर उनीहरुको समस्यामा समाधान गर्नतर्फ आफ्नो ध्यान बढि जाने प्रजापतिले बताए । उनले नेतृत्वका लागि आफ्नो प्रतिस्पर्धा कसैसँग नभई आफैँसँग भएको बताए । 'नेतृत्वमा रहेर व्यवसायीको पक्षमा काम गर्नुसँगै लामो समयको ईतिहास बोकेको पोखरा उद्योग वाणिज्य संघको गरिमा र प्रभावलाई अझै बढाउनेतर्फ मैले ध्यान केन्द्रित गर्नेछु ।' उनले भने - 'त्यसैले सम्पूर्ण व्यवसायीहरुलाई म सहित मेरो प्यानलमा रहेका साथीहरुलाई निर्वाचित गराउनका लागि अपील पनि गर्दछु ।'

अध्यक्ष प्रत्यासी प्रजापतिको समूहमा वरिष्ठ उपाध्यक्षमा गोकर्ण कार्की, उपाध्यक्ष उद्योग तर्फ हिरामणी पण्डित, उपाध्यक्ष वाणिज्यतर्फ उत्तममान बुद्धाचार्य, महासचिवमा बलराम आचार्य, कोषाध्यक्षमा दिनेशचन्द्र बाँस्तोला र उपमहासचिवमा शोभा गौतमले उम्मेदवारी दिएका छन् । त्यस्तै सदस्य पदका लागि प्रभा सुवेदी बालकृष्ण कोईराला, विनोद केसी, भीम गौतम, मनोजकुमार श्रेष्ठ, यमनाथ तिमिल्सिना, रामचन्द्र शर्मा, ललित कुँवर, सुदिप ओझा र सुदिप प्रधानांग प्रत्यासी छन् ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्बन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। -गीता

## सम्पादकीय

# राजनीतिमा अपराधीकरण रोकौं

गम्भीर फौजदारी अपराधमा अभियुक्तका रुपमा पुर्पक्षका लागि थुनामा रहेका नेपाली कांग्रेसका निलम्बित सांसद मोहमद आलम मंसिर ४ गते हुने संसदीय निर्वाचनका लागि नेपाली कांग्रेसबाट उम्मेदवारका रुपमा सर्वसम्मत सिफारिस भएका छन् । प्रतिनिधिसभा निर्वाचनका लागि आलामको नाम रौतहट क्षेत्र नम्बर २ बाट सर्वसम्मत सिफारिस भएको काङ्गेसले जनाएको छ। बुधबार बसेको कांग्रेस रौतह २ को क्षेत्रीय कमिटीको बैठकले आलमको नाम एकल सिफारिस गरेको क्षेत्रीय सभापति मोहम्मद फैजिलले पुष्टि गरेका छन ।

झण्डै अढाई सय सहभागी कार्यकर्तामा प्रतिनिधिसभातर्फ आलमको एकल नाम प्रस्ताव भयो सबैले ताली बजाएर सर्वसम्मत पारित गरे। यति गम्भीर प्रकृतिको घटनामा मुछिएर जेलमा रहेका व्यक्तिलाई कांग्रेसले कसरी उम्मेदवार बनायो यो गम्भीर प्रश्न हो। अन्य विकल्प नसोच्नु हुलले जे गरेपनि हुन्छ भन्ने मानसिकता हो । संविधानसभा निर्वाचनमा धाँधली गर्न ल्याएको बम २०६४ चैत २७ गते आलमका काका शेष इद्रिसको गोठमा विष्फोट भएको थियो । विष्फोटका घाइते र मृतकलाई इँटाभट्टामा लगेर जलाएको आरोपमा २६ असोज २०७६ मा आलमलाई प्रहरीले पक्राउ गरेको थियो । तर त्यसबेलासम्म उनलाई जोगाउन कांग्रेसले सबै प्रयत्न गरेको थियो। कानुनी शासनको वकालत गर्ने काङ्गेसको यो दोहोरो चरित्र हो।

आलमकै निर्देशनमा बनाउन लागिएको बम विस्फोट हुँदा त्यसको छर्रा लागेर घाइते भएकाहरुलाई इँटाभट्टामा हालेर जिउँदै जलाएको अभियोग उनीमाथि छ। यमुनामाई गाउँपालिका-४ का त्रिलोकप्रताप सिंहका बुवा श्रीनारायण सिंह र ओसी अख्तरकी आमा रोक्साना खातुनले आलम, उनका भाइ मोहम्मद महताब आलम, मोबिन आलम, शेख भदई र शेख सवेजविरुद्ध प्रहरीमा किटानी जाहेरी दिएका थिए।

कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र विस्फोटक पदार्थसम्बन्धी मुद्दामा रौतहट जिल्ला अदालतले २ ९ कात्तिक २०७६ मा उनलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको थियो। पटकपटक सत्ताको आडमा थुनामुक्त हुने प्रयास सफल नभएपछि काङ्गेसले चुनावमा उमेदवार बनाएर छुटाउने प्रपञ्च हो । जेल चलान भएपछि उनी प्रतिनिधि सभा सदस्य पदबाट निलम्बनमा छन्। अफताब २०७४ को चुनावमा रौतहट क्षेत्र नं. २ बाट प्रत्यक्षतर्फ विजयी भएका थिए।

गम्भीर फौजदारी अपराधको अभियोग लागेकाहरुले चुनावी मैदानमा उत्रिन मुस्किल छ। तर उनीहरुले जेल भित्रैबाट राजनीतिक दबदबा राख्न सक्ने उदाहरण बनेका छन् ।नेपाली कांग्रेसका नेता मोहम्मद अफ्ताव आलम उनी कुनै सस्पेन्स थ्रिलर फिल्मको कथामा देखाइएका भन्दा डरलाग्दा दृश्य सम्झाउने घटनामा मुछिएर यतिबेला जेलमा छन् । मन्त्री जेलमा पुगेर भेटघाट पछि उमेदवार सिफारिस सार्वजनिक हुनु देशलाई कता लान खोजिदैछ भन्ने संकेत हो । भारतको विहार र उत्तर प्रदेशमा हुने गरेका हत्या, अपहरण र डकैतीमा संलग्नलाई जनताले कार्वाही गर्न थाले नेपालमा राजनीतिमा अपराधी करण गर्ने प्रोत्साहित गर्नु आफ्नै खुट्टामा बञ्चरो हान्नु हो।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# निलम्बित प्रधानन्यायाधीशको थप बयान १९ गते हुने

**रासस**
**काठमाडौं, १६ भदौं**

निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराले महाभियोग सिफारिस समितिको बैठकमा बिहीबार दोस्रो दिन पनि बयान दिनुभएको छ । उहाँको बयान नसकिएकाले यही भदौ १९ गते थप बयान हुने तय भएको छ।

सिंहदरबारमा बसेको समितिको बैठमा बिहीबार दुई वटा प्रश्नमा मात्र छलफल भएको छ । बुधबारदेखि सुरु भएको बयानमा आजसम्म कूल छ वटा प्रश्नमा मात्र सवाल/जवाफ भएको छ। कूल प्रश्न ४३ वटा रहेका छन्। त्यसमध्ये बुधबार चार प्रश्नमा सवाल/जवाफ भएको थियो । बयानपछि समितिका सदस्य मीन विश्वकर्माले आजको पाँचौं र छैटौं प्रश्न अलि लामो र व्याख्यात्मक भएकाले समय लागेको जानकारी दिनुभयो। "प्रश्नहरू पनि लामै थिए, प्रधानन्यायाधीशको जवाफ पनि लामो नै रह्यो, प्रश्न, प्रतिप्रश्न हुने क्रम भइरह्यो", उहाँले भन्नुभयो, "राणालाई न्यायसम्पादन गर्न नसकेको, भ्रष्टाचारमा मुछिएको, शक्ति सन्तुलन कायम गर्न नसकेको र न्यायसम्पादनको प्रक्रियामा भ्रष्टाचार केन्द्रित प्रश्न सोधिएको थियो ।" बयानका क्रममा निलम्बित प्रधानन्यायाधीश राणाले महाभियोग सिफारिस समिति तथा सांसदमाथि नै निष्पक्षताको प्रश्न उठाउनुभएको समितिका सदस्य रेखा शर्माले जानकारी दिनुभयो । उहाँले राणाको भनाइ उद्धृत गर्दै भन्नुभयो, "आफूविरूद्ध महाभियोग प्रस्ताव गर्ने सांसद नै समितिमा रहेका छन्, यस्तो भएपछि कसरी निष्पक्षता हुन्छ ?" निलम्बित प्रधानन्यायाधीश जबराले आफू दोषी नभएको तर सबैले आफूमाथि एक पक्षीयरूपमा आरोप लगाएको बयान दिनुभएको बताउनुभएको छ । छ महिनाभन्दा बढीदेखि निलम्बनको अवस्थामा रहनुभएका राणाको महाअभियोग प्रमाणित हुने वा नहुने विषयले तीन महिनामै निष्कर्ष आउनुपर्ने भए पनि लामो समयपछि समितिमा छलफल प्रारम्भ भएको छ। उक्त समितिको यही भदौ ८ गते बसेको बैठकले उहाँलाई बयानका लागि बोलाउने निर्णय गरेको थियो । राणाविरुद्ध गत फागुन १ मा प्रतिनिधिसभाका ९८ सांसदले महाभियोग प्रस्ताव दर्ता गर्नुभएको थियो । संसद्ले महाभियोग सिफारिस समिति गठन गरे पनि यही भदौ १ गते मात्र समितिको पहिलो बैठक बसेको थियो। राणाविरूद्ध नेपाल बार एशोसिएशन र सर्वोच्च बार एशोसिएशनले महाअभियोग पुष्टि गर्न ३४ बुँदे पत्र समितिलाई बुझाएको थियो । उक्त पत्रमा महाअभियोग लगाउने आधार र कारणसमेत समेटिएको छ।

समितिले निलम्बनमा पर्नुभएका प्रधानन्यायाधीशलाई प्रश्नहरू सोध्ने र राणाले प्रश्नको जवाफ दिने क्रम अब यही भदौ १९ गते हुनेछ।

# बिपी कोइराला साहित्य पुरस्कार घोषणा

**रासस**
**काठमाडौं, १६ भदौं**

जननायक बिपी कोइराला स्मृति ट्रस्टले प्रत्येक वर्ष बिपी जयन्तीका अवसरमा प्रदान गर्ने बिपी साहित्य सम्मान पुरस्कार र बिपी सेनानी सम्मान पुरस्कारको घोषणा गरेको छ।

रु एक लाख एक हजार राशिको यस वर्षको साहित्य सम्मान पुरस्कार वरिष्ठ साहित्यकार कृष्णप्रसाद गौतमलाई प्रदान गर्ने निर्णय गरिएको छ । ट्रस्टका कोषाध्यक्ष पुरुषोत्तम बस्नेतको संयोजकत्वमा ट्रस्टका सदस्य डा ध्रुवचन्द्र गौतम र सुशीलमान शेरचनसमेतको सिफारिस समितिले सो निर्णय गरेको हो।

ट्रस्टले प्रतिवर्ष प्रदान गरिने रु ५१ हजार राशिको बिपी सेनानी सम्मान पुरस्कार यस वर्ष प्रजातन्त्र स्थापनाको सङ्घर्षमा महत्वपूर्ण योगदान दिने ९१ वर्षीया शान्ति कार्की (वीरगञ्ज) लाई दिने निर्णय गरेको छ । कोइरालाको १०९औं बिपी जयन्ती, भदौ २४ गते ती सम्मान प्रदान गरिने ट्रस्टका महासचिव रामचन्द्र पोखरेलले जानकारी दिनुभयो।

# राष्ट्रिय बाल दिवसको नारा तय

**रासस**
**काठमाडौं, १६ भदौं**

सरकारले ५८औं राष्ट्रिय बाल दिवसको नारा 'बालमैत्री समाजको आधार : जिम्मेवार परिवार, उत्तरदायी समाज' तय गरेको छ।

बर्सेनी भदौ २९ गते मनाइँदै आएको उक्त दिवसका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालमैत्री अवधाराणालाई महत्व दिँदै उक्त नारा तय गरेको महिला विकास अधिकृत कमला दाहालले जानकारी दिनुभयो । नेपालले सन् १९९० सेप्टेम्बर १४ मा बाल अधिकार महासन्धि अनुमोदन गरेको सम्झनामा प्रत्येक वर्ष भदौ २९ गते दिवास मनाउँदै आएको छ। मन्त्रालयले दिवस मनाउने क्रममा स्थानीय तह, प्रदेश सरकार, विभिन्न बाल क्लब, नागरिक सङ्घसंस्था र सञ्जाललाई आग्रह गरेको छ। मन्त्रालयले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ पनि पठाएको छ । सो निर्देशिका २०७८ असार २७ गते मन्त्रीस्तरको निर्णयबाट स्वीकृत भएको थियो।

# डेङ्गुका बिरामी बढ्दै

**रासस**
**काठमाडौं, १६ भदौं**

धादिङमा डेङ्गुका बिरामीको सङ्ख्या बढ्न थालेको छ । मङ्गलबार एकै दिनमात्र जिल्ला अस्पतालमा आएकामध्ये ११ बिरामीको डेङ्गु परीक्षणबाट पुष्टि भएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा मधुकर दाहालले बताउनुभयो । अस्पतालमा रुघाखोकी र ज्वरोका बिरामी बढीरहेको समयमा डेङ्गुका बिरामी पनि बढ्न थालेको हो । साउन र भदौसम्मको यस अवधिमा अस्पताल आएकामध्ये एक सय १४ जनाको डेङ्गुको पुष्टि भएको छ । पछिल्लो दिन पुष्टि भएकाबाहेकको उपचार भइसकेको छभने ११ जनाको उपचार भइरहेको छ। डेङ्गु सङ्क्रमित एक जनाको जिल्ला अस्पतालमै मृत्युसमेत भइसकेको छ।

# सिद्ध पब्लिक कलेजको तेस्रो अधिवेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ भदौं**




सिद्ध पब्लिक कलेज पोखरा १५ नयांगाउंको तेस्रो अधिवेशन सम्पन्न भएको छ।

कलेज सञ्चालक समितिका अध्यक्ष मिन बहादुर गिरीको अध्यक्षतामा सम्पन्न अधिवेशनले भागवत भाष्कर युवा पण्डित कमल नयन गौतमको अध्यक्षतामा नयाँ कार्यसमितिको चयन गरेको छ।

कार्यसमितिको उपाध्यक्षमा प्रमुख संरक्षक भक्त बहादुर खत्री, कोषाध्यक्षमा प्रमुख संरक्षक शिव बहादुर वानियाँ, वरिष्ठ सदस्यमा संरक्षक मिन बहादुर गिरी सहित सदस्यहरुमा संरक्षक तथा पोखरा म.न.पालिका का वडा अध्यक्ष तोरण बहादुर वानियाँ, सिनेटर सदस्य प्रकाश पौडेल गरि ६ सदस्यिय सञ्चालक समिति गठन गरियो।

उक्त अधिवेशनमा प्रमुख अतिथि वडा नं १५का वडा अध्यक्ष तोरण बहादुर वानियाँले स्थानिय सरकारले कलेजलाई पूर्ण सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै अधिवेशनको सफल्ताको शुभकामना व्यक्त गर्नु भयो। नव निर्वाचित अध्यक्ष युवा पंडित कमल नयन गौतमले पोखरा १५ को एक मात्र सामुदायिक कलेज सिद्ध पब्लिक कलेजलाई नयाँ ढंगले सञ्चालन गरेर समुदायको उत्कृष्ट कलेज बनाउनु पर्ने कुरामा जोड दिनु भयो।

पब्लिक क्याम्स संघ गण्डकी प्रदेशका उप संयोजक तथा कालिका बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख बिरन्जी गौतमले कलेजको विकासमा सम्पुर्ण सिनेटर सदस्यहरु र शिक्षा प्रेमिहरुले सहयोग गर्नुपर्ने कुरामा जोड दिनु भयो। प्रमुख संरक्षक तथा भवन निर्माण समितिका संयोजक शिव बहादुर वानियाँ ले भवन निर्माण सम्बन्धि प्रतिवेदन प्रस्तुत गर्नुभयो । क्याम्पस प्रमुख श्री भिम राज पुनले क्याम्पसको यस वर्षको प्रतिवेदन प्रस्तुत गर्नु भयो।

सम्पूर्ण अतिथिहरुलाई स्वागत सञ्चालक समितिका उपाध्यक्ष तथा प्रमुख संरक्षक भक्त बहादुर खत्रीले गर्नु भएको थियो भने प्राध्यापकहरुको तर्फ वाट पबित्रमणी भण्डारी र सिद्ध मा. वि.का प्र. अ. गुरुदत्त कोइरालाले पनि वोल्नु भएको थियो।

# प्रथम मेयर कप पुटबलको उपाधि नवयुवा क्लबलाई

**पोखरापत्र संवाददाता**
**तनहुँ, १६ भदौं**

प्रथम मेयर कप फुटबलको उपाधि नवयुवा क्लब भादगाउँले जितेको छ। सदरमुकाम दमौलीमा बुधबार सम्पन्न फाइनल खेलमा न्यू बुद्ध युवा क्लब भानुलाई ३-० गोलअन्तरले पराजित गर्दै नवयुवाले उपाधि हात पारेको हो।

शान्तिदीप युवा क्लब शिशाघाटलाई २-१ गोलअन्तरले हराउँदै न्यु बुद्ध फाइनलमा पुगेको थियो भने गन्नी एफसी पोखरा कास्कीलाई २-० गोल अन्तरले पराजित गर्दै नवयुवाले फाइनलमा स्थान बनाएको थियो । विजेता नवयुवा क्लबले उपाधिसँगै रु दुई लाख दुई हजार दुई सय २२ तथा उपविजेता न्यु बुद्ध भानुले रु एक लाख एघार हजार एक सय ११ का साथै ट्रफी र मेडल प्राप्त गरेको छ।

विजेता टोलीलाई कांग्रेस केन्द्रीय सदस्य शङ्कर भण्डारीले पुरस्कार प्रदान गर्नुभयो। तीजको अवसरमा यही भदौ आठदेखि १४ गतेसम्म भएको प्रतियोगिताको फाइनल खेलका म्यान अफ दी म्याच नवयुवाका फोफोना घोाेष्ति भए। यस्तै प्रतियोगिताका उत्कृष्ट खेलाडी न्यु बुद्ध भानुका सन्दीप राना, सर्वाधिक गोलकर्ता नवयुवाका सन्तोष गुरूङ र उत्कृष्ट गोलरक्षक नवयुवाकै शिव पिया भए । उनीहरूलाई जनही रु सात हजार पाँच सय प्रदान गरिएको खेल संयोजक राजेश मल्लले जानकारी दिनुभयो । प्रतियोगितामा ४२ टोली सहभागी थिए।

# अव्यवस्थित तार हटाउन नगरपालिकाको निर्देशन

**पोखरापत्र संवाददाता**
**वालिङ, १६ भदौं**

स्मार्ट सिटीको अवधारणाअनुरुप अगाडि बढ्दै गरेको स्याङ्जाको वालिङ नगरपालिकाले बजारभित्रका अव्यवस्थित तार व्यवस्थापन गर्न निर्देशन दिएको छ।

वालिङ बजार हुँदै जाने पोखरा-सुनौली सिद्धार्थ राजमार्गसहित वालिङ नगरपालिकाभित्रका मुख्य बजार क्षेत्रहरूमा विद्युत्, टेलिफोन, केबुल तथा इन्टरनेटका तार अव्यवस्थित भएको भन्दै नगरपालिकाले सम्बन्धित पक्षसँगको छलफलपछि निर्देशन दिएको हो। नगरपालिका र सेवा प्रदायक कम्पनीबीचको छलफलपछि असोजको दोस्रो साताभित्रमा अव्यवस्थित तार हटाएर सहयोग गर्न आग्रह गरिएको नगरप्रमुख कृष्ण खाणले बताउनुभयो।

"सेवा प्रदायकसँग एक किसिमको छलफल भएको छ, आवश्यकमात्रै तार राख्ने र अनावश्यक हटाउने र त्यसलाई व्यवस्थित गर्न लागिएको हो", उहाँले भन्नुभयो, "तोकिएको अवधिमा सेवा प्रदायकले हटाएर सहयोग गरेन भने नगरपालिकाले तार काटिदिन्छ ।" प्रयोगमा आएका भन्दा नआएका तार धेरै भएकाले पनि बजारको सौन्दर्यमा असर गरेको महसुस गरी सम्बन्धित सेवाप्रदायक कम्पनीलाई तार हटाउन निर्देशन दिइएको नगरप्रमुख खाणले बताउनुभयो । "सडकको माथि वा दायाँबायाँ लत्रिएका तारले बजारको सौन्दर्यलाई कुरुप बनाउनाका साथै आगलागी हुनसक्ने सम्भावना पनि उत्तिकै हुन्छ", उहाँले भन्नुभयो, "प्रयोगमा नरहेका तार हटाउन सकेमा मात्रै पनि तार कमी हुनाका साथै त्यसलाई एउटै मुठो बनाएर पनि व्यवस्थित गर्न सकिन्छ ।" नगरपालिकाको निर्देशनसँगै पुराना अनि तामाका तारबाट वितरण गरिएका लाइन हटाउने तयारी थालिएको वालिङ इन्टरनेट प्रालिका सञ्चालक जोगराज पाठकले बताउनुभयो।

"नयाँ प्रविधिको फाइबर लाइनको विस्तारसँगै पुराना र प्रयोगमा नरहेका अनावश्यक तार हटाउनका लागि तयारी थालेका छौँ", उहाँले भन्नुभयो, "वालिङस्थित सबै कम्पनीले यसरी नै पुराना र प्रयोगमा नरहेका आ-आफ्ना तार हटाइदिने हो भने व्यवस्थापनमा सहज हुने देख्छु।"

सेवा प्रदायक कम्पनी बढेसँगै पछिल्लो समय बजार क्षेत्रमा तार अव्यवस्थित देखिएका छन् । अनावश्यक र प्रयोगमा नरहेका तार हटाएर केही समयका लागि समाधान भए पनि त्यो दीर्घकालीन समाधान नहुने भएकाले दीर्घकालीन उपायको खोजीमा लाग्नुपर्नेमा स्थानीयवासीले जोड दिएका छन्।

# दुई सय ६९ मा संक्रमण

**रासस**
**काठमाडौं, १६ भदौं**

कोरोना भाइरसको सङ्क्रमण बिहीबार दुई सय ६९ मा देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको नियमित बुलेटिनमा तीन हजार पाँच सय ५७ परीक्षणमध्ये दुई सय ६९ मा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको हो । बिहीबार दुई सय १५ जना कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई घर फर्किएका छन् । निको हुने प्रतिशत ९८.५ प्रतिशत छ।

सक्रिय सङ्क्रमितको सङ्ख्या तीन हजार एक सय ५८ पुगेको छ। यस्तै आज कोरोना भाइरसको सङ्क्रमणबाट एक जनाको निधन भएको छ। पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौं र ललितपुर छन् । सङ्क्रमित शून्य भएका जिल्ला मनाङ, मुस्ताङ, हुम्ला, डोल्पा, जुम्ला र मुगु छन्। यस्तै होम आइसोलेसनमा तीन हजार चार, संस्थागत आइसोलेसनमा एक सय ५४, सघन उपचार कक्ष (आइसियु)मा ४६ र भेन्टिलेटरमा सात जनाको उपचार भइरहेको छ। बिहीबार कसैले पनि कोरोना भाइरसविरुद्धको खोप लगाएका छैनन्।

# पोखरा ट्रेड मलको उपहार योजनाका पहिलो पाक्षिक विजेता छानिए

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ भदौं**

पोखराको चिप्लेढुँगामा रहेको पोखरा ट्रेड मलले नेपालीहरुका चाडपर्व दशैँ तिहारलाई लक्ष्य गरेर ल्याएको 'नगदै नगदको वर्षा' उपहार योजनाका पहिलो पाक्षिक विजेता छानिएका छन् ।

मलमा बुधबार उत्सव व्यवस्थापन समिति, पोखरा ट्रेड व्यवस्थापन र ग्राहकहरको उपस्थितिमा भएको उपहार सार्वजनिक कार्यक्रममा आरुश खनालले रु १० हजार जित्न सफल भए । यसैगरी प्रतिमा गुरुङले रु दुई हजार र पोखरा सिनेप्लेक्सको टिकट , योगेन्द्र पुनले फिस्टेल ड्रिम पार्कको एक दिनको प्याकेज, रोजी गुरुङले रु दुई हजार र एक हजार बराबरको फेसियल सेवा र राजु रानामगरले रु एक हजार र क्लासिक चुलोमा डिनर पुरस्कार पाएका छन् ।




कार्यक्रममा पोखरा ट्रेड मलका प्रबन्ध सञ्चालक मिनराज काफ्ले उत्सव व्यवस्थापन समितिका अध्यक्ष नबराज त्रिपाठी, सचिव रमेश बराल, कोषाध्यक्ष रघुनाथ दवाडी, सह कोशाध्यक्ष धर्मदत्त अधिकारी, सदस्यहरु नबराज ढुङ्गाना, राजु जिसी, राजेन्द्र तिमिल्सिना, राजिव क्षेत्री लगाएत सहभागी थिए । ट्रेड मल व्यवस्थापन समिति र व्यवसायीहरुले भदौ १ देखि कात्तिक ३० गतेसम्म लागू हुने गरी सो उपहार योजना ल्याएका हुन् । चाडपर्वका अवसरमा विगतदेखि नै विभिन्न उपहार योजनामार्फत ग्राहक आकर्षित गर्दै आएको मलले यस वर्ष धैरै भन्दा धैरै ग्राहकलाई नगद उपहार प्रदान गर्न नगद वर्षा उपहार योजना ल्याएको उत्सव व्यवस्थापन समितिका अध्यक्ष नवराज त्रिपाठीले बताए ।

एनका अनुसार अनुसार ट्रेड मलभित्र पाँच सय रुपैयाँभन्दा माथिको सामान खरीदमा ग्राहकले निःशुल्क उपहार कुपन प्राप्त गरी लाखौंको उपहार जित्न सक्नेछन् ।

पाक्षिक उपहार योजनाका विजेताले रु एक हजारदेखि रु १० हजारसम्म नगदका साथै गिफ्ट ह्याम्पर तथा सपिङ भौचर प्राप्त गर्नेछन् भने बम्परमा रु एक लाख पुरस्कार जित्न सक्नेछन् ।

बम्पर उपहार विजेताको छनोट गोलाप्रथाबाट गरिनेछ । बम्पर उपहार आगामी मंसिर ५ गते र पाक्षिक उपहार आगामी भदौ ३०, असोज १५,असोज ३०, कात्तिक १५ र कात्तिक ३० गते उपहार खोलिने उत्सव व्यवस्थापन समितिले जनाएको छ । मलको कुनैपनि पसलबाट न्यूनतम पाँच सय रुपैंयाको सामान किन्दा एक वटा बम्पर उपहार कुपनका साथै एक हजार ५०० भन्दा माथि सामान खरीद गर्दा तीन वटा कुपन प्राप्त गरी उपहार योजनामा सहभागी बन्न सकिनेछ । 'स्क्राच एण्ड विन' अफरमा सहभागी हुनका लागि कुनै पनि पसलबाट पाँच हजार वा सोभन्दा माथिका सामान खरीद गर्नुपर्ने र स्क्राच गरी लाखौँ नगद नगद एवं सपिङ भौचर कोषाध्यक्ष दवाडीले जानकारी दिए ।

पोखरा ट्रेड मलभित्रका ५०२ व्यापारिक सटरमा २७५ व्यावसायिक प्रतिष्ठान सञ्चालनमा रहेका छन् । मलमा फेन्सी, कस्मेटिक, जुत्ता चप्पल, बैंक तथा वित्तीय संस्था, सिनेमा हल, रेष्टुरेन्ट, जिम हल, गहनापसल, सारी तथा कुर्ता लगायतका पसल सञ्चालनमा छन् ।

# व्यवसायीको आवाज : 'अर्जुन पोखरेल प्यानलको जित सुनिश्चित'

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ भदौं**

पोखरा उद्योग वाणिज्य संघको ३४ औं अधिवेशनमा अर्जुन पोखरेल प्यानलको जित सुनिश्चित रहेको व्यवसायीहरुले बताएका छन् ।

चुनावी घरदैलोका लागि साँघुमुख पुगेको अर्जुन पोखरेलको टिमलाई स्वागत गर्दै व्यावसायी रामचन्द्र तिमिल्सिना युवा र सक्षम टिमको जीत पक्का रहेको सुनाए । टोपी बाजीको कपडाका सञ्चालक तिमिल्सिनाले युवा नेतृत्व आजको आवश्यकता रहेको बताए । नयाँ जोस र जाँगरका साथ चुनावमा होमिएको टिमलाई व्यावसायीहरुले जिताउनेमा उनी विश्वस्त छन् । 'एउटा युवामा हुनुपर्ने जोस जाँगर उहाँले देखाउनुभएको छ त्यसैले उहाँलाई पोखराका व्यासायीहरुले विजयी गरानुहुन्छ,' उनले भने, 'प्रक्रियाले मात्र २५ गतेसम्म कुर्ने हो तर उहाँलाई हामीले बिजयी भएको ठानीसकेका छौ ।' उनले आफ्नै पसलबाट टोपी झिकेर पदाधिकारीहरुलाई लगाइदिएर शुभकामना पनि दिन भ्याए ।



साँघुमुखभन्दा पहिलो टोली विशालबजार पुगेको थियो । विशाल बजारमा झनै अर्जुन प्यानलको माहोल उत्कृष्ट थियो । आफूहरुको समस्या अर्जुन पोखरेल प्यानललाई जिताएमा समाधान गर्न सक्ने भन्दै उनीहरुले अभियान मै साथ दिएका थिए । सिंगापुर इन्टरप्राइजेजका सञ्चालक थम्मनसिंह गुरुङले अर्जुन प्यानलले बनाएको घोषणा पत्रमा भएका प्रतिवद्धताहरु निकै महत्वपूर्ण र समय सान्दर्भिक भएकाले साथ दिने बताए ।

ट्वीन्स कलेक्सनका सञ्चालक मनोहरी पौडेलले सक्षम र जुझारु नेतृत्वलाई सबैले साथ दिनुपर्ने बताए । काम गर्न सक्ने खुबी भएका व्याक्तिहरुको टिमको विकल्प नभएको उनको भनाई थियो । आफू मात्र नभएर विशाल बजारभित्रका अधिकांस व्यावसायी अर्जुन पोखरेल प्यानलको पक्षमा रहेको उनले सुनाए । घरदैलो अभियानमा हिँडेको टिम विशालबजार, पालिखेचोक, साँघुमुख, महेन्द्रपुल, नयाँबजार लगायत स्थानमा पुगेर व्यावसायीहरुको समस्या सुन्दै मत मागेका थिए । उनको समूहबाट बरिष्ठ उपाध्यक्षमा हरिहर सापकोटा, उद्योग उपाध्यक्षमा देवेन्द्र केसी, वाणिज्य उपाध्यक्षमा कुमारी मुना बास्तोला, महासचिवमा केशव बहादुर खत्री, कोषाध्यक्षमा हरिराज पन्त र उपमहासचिवमा हर्कबहादुर अधिकारी (मिरज) उम्मेद्वार छन् । यस्तै, सदस्यहरुमा भरत केसी, कृष्ण प्रसाद कोइराला, धर्मेन्द्रकुमार बाटाजु, माधव बस्ताकोटी, उदयबहादुर केसी (लाहुरे दाइ), दिलिपकुमार श्रेष्ठ, दुर्गा रन्जित श्रेष्ठ, हिमनिधि लौडारी र महेन्द्र पौडेलले उम्मेद्वारी घोषणा गरेर चुनावी प्रचारमा लागिरहेका छन् ।

# 'जनतासँग कांग्रेस अभियान' पालिकास्तरमा

**पोखरापत्र संवाददाता**
**दमौली, १६ भदौं**

नेपाली कांग्रेस तनहुँले चुनाव लक्षित 'जनतासँग काङ्ग्रेस अभियान'लाई पालिकास्तरमा सञ्चालन गरेको छ । जिल्लास्तरमा कार्यक्रम गरी शुभारम्भ गरिएको उक्त अभियानलाई जिल्लाका दशवटै पालिकामा सञ्चालन गरिएको हो ।

चार नगरपालिका र छ गाउँपालिकामा एकैसाथ कार्यक्रम गरी पालिकास्तरमा अभियानको शुभारम्भ गरिएको छ । पालिकास्तरमा सकिएपछि अब भदौ १८ गते एकैपटक ८५ वटै वडामा यो अभियान सञ्चालन हुने नेपाली काङ्ग्रेस तनहुँले जनाएको छ । नेपाली कांग्रेस व्यास नगरसमितिले आयोजना गरेको शुभारम्भ कार्यक्रममा केन्द्रीय सदस्य शङ्कर भण्डारीले आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा अग्रज नेतादेखि सबैको व्यवस्थापन हुनुपर्ने बताउनुभयो ।

चुनावमा पाँच दलबीच गठबन्धन हुने भएकाले पार्टी र गठबन्धनलाई विजयी गराउन इमानदार भएर लाग्नुपर्नेमा भण्डारीले जोड दिनुभयो ।

भण्डारीले निर्वाचनमा पार्टीले जुन क्षेत्रबाट टिकट दिन्छ सोही क्षेत्रबाट चुनाव लड्न तयार हुनुपर्ने बताउनुभयो । पार्टीले आवश्यकता अनुसार निर्वाचनमा टिकट दिने र जुनसुकै क्षेत्रबाट पनि निर्वाचन लड्न तयार भएर मानसिकता बनाउनुपर्ने उहाँको भनाइ थियो । कार्यक्रममा गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोवाटे विश्वकर्मा, व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपाने, पार्टीका पूर्व जिल्ला सभापति रघुनाथ पौडेल, जनतासँग कांग्रेस अभियानका व्यास नगरका संयोजक प्रा डा कृष्णप्रसाद गौतमलगायतले ' जनतासँग काङ्ग्रेस अभियान' मार्फत जनतालाई कांग्रेसमा आकर्षित गर्नुपर्ने बताउनुभयो ।

आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा उम्मेदवार बन्न पार्टीभित्र आवेदन दिएकाहरुसँग राय बुझ्न थालिएको छ । तनहुँ क्षेत्र नम्बर १ प्रदेश (क) तर्फ उम्मेदवार बन्न चाहेका प्रत्यक्षतर्फका ११ र समानुपातिकतर्फ २१ जनाले आ-आफ्नो राय प्रस्तुत गर्नुभएको छ ।

समानुपातिकतर्फका आकाङ्क्षी कुलचन्द्र वाग्ले, कल्पना पोखरेल, अर्जुनबहादुर अधिकारी, राजकुमार श्रेष्ठ, आशा थापा, साहिदा खातुन, पवित्रा पौडेल, सुशीला शर्मा, ओजराज पौडेल, कृष्ण रुचाल, उदयराज गौली, चिनु पोखरेल, ताराप्रसाद श्रेष्ठ, छत्रराज भण्डारी, विणा कैनी, वृषराज श्रेष्ठ, टेकबहादुर गुरुङ, समुन्द्र गोदार, नारायणी अधिकारी, श्यामकुमारी मौराती र प्रताप गुरुङले आफू उम्मेदवार बन्न चाहेको राय प्रस्तुत गर्नुभयो । प्रत्यक्षतर्फका आकाङ्क्षी रघुनाथ पौडेल, अशोककुमार श्रेष्ठ, शेष मोहम्मद हनिफ (गोरा मियाँ), सरिता गुरुङ, लक्ष्मीप्रसाद आचार्य, हरिदत्त पौडेल, दिपक भट्टराई, डोवाटे विक, पूर्णबहादुर गुरुङ, सहदेव अधिकारी र शङ्कर पौडेलले पनि आ-आफ्नो आफ्नो राय प्रस्तुत गर्नुभयो ।

# पहिराले कालीगण्डकी करिडोर अवरुद्ध

**पोखरापत्र संवाददाता**
**बागलुङ, १६ भदौं**

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोरको बागलुङ खण्ड अवरुद्ध भएको छ । निरन्तरको वर्षाका कारण बागलुङ नगरपालिका-१० दबल्याङमा सडक अवरुद्ध भएको छ भने करिडोरकै फुम्रेखोलामा निरन्तररूपमा सडकमाथिबाट ढुङ्गा खसिरहेका छन् । बागलुङमा लगातारको वर्षाका कारण दक्षिण भेग जोड्ने सडक सम्बन्धविच्छेद भएको हो ।

दब्ल्याङ हुँदै बलेवा कुश्मिसेरा जाने सडक केही दिनदेखि बन्द भएपछि कालीगण्डकी करिडोरमार्फत सवारीसाधन सञ्चालनमा आएका थिए । निरन्तरको वर्षापछि करिडोर अवरुद्ध भए पनि वर्षा नरोकिएका कारण सडक खुलाउन नसकिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानाले जानकारी दिनुभयो ।

करिडोरको दब्ल्याङमा बुधबारदेखि लगातार लेदो बगिरहेका कारण सवारी चल्न सकेका छैनन् भने बागलुङ-१३ फुम्रेखोलामा निरन्तर सडक माथिबाट ढुङ्गा खसिरहेकाले वर्षा रोकिएपछि मात्रै सडक खुलाउने योजनामा रहेको नगर उपप्रमुख राजु खड्काले बताउनुभयो ।

"बुधबार दव्ल्याङमा समस्या थिएन, सडकमाथिबाट फुम्रेखोलामा ढुङ्गा खसिरहेकाले दुर्घटना रोक्न बुधबार(हिजो) देखि नै सवारी सञ्चालनमा रोक लगाएका छौँ", उपप्रमुख खड्काले भन्नुभयो, "पानी नरोकिँदासम्म दब्ल्याङको पहिरो पन्छाउन त सकिएला तर फुम्रेखोलामा ढुङ्गा खसिरहेकाले समस्या भयो, ढुङ्गा हटाउन नेपाली सेनालाई सहयोग मागिएको छ ।" सडक अवरुद्ध हुँदा दुई दिनदेखि बागलुङको दक्षिण भेग जोड्ने बलेवा र जैमिनी नगरपालिका तथा बरेङ गाउँपालिकाको जिल्ला सदरमुकामसँगको सडक सञ्जाल टुटेको छ । दब्ल्याङको पहाड गहिरिएर पहिरो गएका कारण एक महिनादेखि बलेवा, भकुण्डे, कुश्मिसेरा र बरेङ जाने सवारीसाधन करिडोरको सडक प्रयोग गरेर सञ्चालनमा आइरहेका थिए ।

# विज्ञान तथा प्रविधिको सारथी बन्दै गण्डकीको 'जिपास्ट'

**-धनबहादुर गुरुङ**
**कास्की, १६ भदौं (रासस)**

प्लास्टिक पेलेर पक्की सडक बनाउन सकिन्छ भन्ने नमूना प्रस्तुत भएको चार वर्षभन्दा बढी भयो । पोखरा महानगरपालिका-१४ अनुपम टोलको एक सय मिटर सडक प्लास्टिकबाट पिच गरेर २०७५ साउन १ गते उक्त कार्यको शुभारम्भ गरिएको हो ।

प्लास्टिक सडक सय मिटर मात्र छ । हजारौं हजार किलोमिटरको कोशेढुङ्गा हो । सहरमा जताततै प्लास्टिक छन् । सहरको फोहर व्यस्थापन गर्न नगरपालिकालाई हम्मेहम्मे छ । तर तिनै फालिएका प्लास्टिकबाट पक्की सडक बनाउन सकिन्छ भने नमूना पनि हो यो सडक । चार वर्षअघि ग्रिन रोड बेस्ट म्यानेजमेन्ट कम्पनीका युवाद्वारा प्लास्टिक पेलेर बाटो कालोपत्र गर्ने प्रविधि भुटानमा सिकेर पोखरामा प्रयोग गरिएको हो । कम्पनीबाट मेकानिकल इञ्जिनीयर विमल बाँस्तोला र सिभिल इञ्जिनीयर राजिव सुवेदीले प्लास्टिकबाट सडक पिच गर्ने प्रविधि सिक्न भुटान जानुभएको थियो । त्यहाँ एकहप्ते तालिम लिएर फर्केपछि उक्त सीपलाई नेपालमा प्रयोग गरिएको हो । यसमा उहाँहरू सफल बन्नुभयो । यो प्रविधि अरु ठाउँमा पनि विकास गर्न चाहे पनि स्रोतसाधनको कमी यतिखेर समस्याका रुपमा देखिएको छ ।

यसका लागि प्लास्टिक टुक्रा पार्नुपर्छ । जुन काम गर्न मेसिन पाउनै मुस्किल छ । भएका मेसिन बिग्रदा बनाउनका लागि चीन वा भारत पुऱ्याउनुपर्छ । हैरानी खेप्नुभन्दा मेसिन नेपालमै बनाउनेतर्फ उहाँहरू ध्यान मोडियो । अनुसन्धान कै क्रममा गण्डकी प्रदेशले सञ्चालन गरेको गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान 'जिपास्ट' सँग ग्रिन रोड बेस्ट म्यानेजमेन्ट कम्पनीले काम गरेको हो । "हामीले प्लास्टिक टुक्रा कसरी बनाउने भनेर रिसर्च गरिरहेका थियौँ", इञ्जिनीयर विमल बाँस्तोलाले भन्नुभयो, "त्यही क्रममा गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान (जिपास्ट) सित कुरा भयो ।" त्यसपछि आफूहरुको काममा जिपास्टले सहयोग गरेको उहाँले बताउनुभयो ।

उक्त प्लास्टिक पेल्ने मेसिनको अनुसन्धान विकासका लागि धेरै रकम आवश्यक पर्ने भएकाले जिपास्टले सहयोग गरेको बास्तोलाले जानकारी दिनुभयो । "अहिले हामीलाई धेरै कुरामा सहज भएको छ", उहाँले भन्नुभयो, "प्लास्टिक सडक कार्यक्रम देशैभरि फैलाउने हाम्रो योजना छ, त्यसमा जिपास्टबाट सहयोग पाए सहज हुने थियो ।" गण्डकी प्रदेश सरकारले विज्ञान तथा प्रविधि क्षेत्रमा नवीतम सोच राख्नेका लागि जिपास्ट स्थापना गरेको हो ।

प्रदेश सरकारले विज्ञान तथा प्रविधि क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने संस्था तथा व्यक्तिलाईसहयोगपुऱ्याउनयसको स्थापना गरिएको प्रतिष्ठानका प्रमुख ढाका भण्डारीले जानकारी दिनुभयो । यो स्थापना भएको २० महिना भयो । "प्रदेशभर विज्ञान तथा प्रविधि क्षेत्रमा क्रियटिभ रुपमा लाग्नेहरूलाई सहयोग पुग्ने गरी यो प्रतिष्ठानको परिकल्पना अघि बढेको हो", उहाँले भन्नुभयो, "स्थापना भएको छोटो समयमा पनि ग्रिन रोड बेस्ट म्यानेजमेन्ट कम्पनीजस्तै अन्य संस्था र व्यक्तिलाई सेवा दिन पाएका छौँ ।" प्रतिष्ठानले कर्मचारी भर्नादेखि प्रयोगशाला स्थापना, अनुसन्धानकर्ताका लागि फेलोसिप, अनुसन्धानका लागि लागत साझेदारी, वर्कसप, तालिमको काम गरिरहेको उहाँले जानकारी दिनुभयो ।

जिपास्ट प्रदेश सरकारको शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालयअन्तर्गत सञ्चालित छ । प्रदेशलाई सक्षम बनाउन आवश्यकताका आधारमा प्रतिष्ठानलाई प्रयोग गर्ने मन्त्रालयको योजना छ । यसलाई अझै प्रभावकारी बनाउन यस वर्ष पनि नयाँ योजना बनाएर बजेट छुट्याइएको प्रदेश शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठले जानकारी दिनुभयो ।

मन्त्री श्रेष्ठले भन्नुभयो, "लुप्त अवस्थामा रहेका चिजलाई अनुसन्धान गरेर कसरी उत्पादन बढाउने, आयस्रोत बढाएर प्रदेशलाई सक्षम बनाउने कुरा जिपास्टसँग जोडिएको छ ।" चालु आर्थिक वर्षमा विनियोजन गरिएको रकमबाट ग्रिन रोड बेस्ट म्यानेजमेन्ट कम्पनी जस्तै विज्ञान तथा प्रविधि क्षेत्रमा नवीनतम सोचका साथ काम गर्ने सङ्घ वा व्यक्तिलाई सहयोग गर्ने जिपास्टको योजना रहेको उहाँले जानकारी दिनुभयो ।

स्पार्क बि एण्ड डि हस्पिटल १८ वर्ष पुगेको अवसरमा
काठमाडौंबाट आउनुभएका अनुभवी विज्ञ डाक्टरहरू समेतबाट परीक्षण
बृहत निःशुल्क स्वास्थ्य शिविर
हाड जोर्नी, नशा, प्यारालाइसिस, हड्डी खिइएको ढाडमा नशा च्यापिएको तथा बाथरोग सम्बन्धी परीक्षण तथा उपचार
परीक्षण तथा उपचार गरिने रोगहरू
परीक्षण गर्ने समय:
२०७९ भाद्र १८ गते शनिबार बिहान ८ बजेबाट ३ बजेसम्म ।
- उमेर, काम तथा मोटोपनका कारण ढाडमा नशा च्यापिएको, ढाड दुख्ने, खुट्टा दुख्ने ।
- प्रेसरले हानेर प्यारालाइसिस भएका, शरीरको एक हर नचल्ने भएका ।
- उमेरका कारणले घुँडाको हड्डी खिइएका, बाथरोग भएका बिरामीहरुको निःशुल्क परीक्षण तथा उपचार गरिने भएकोले तुरुन्त सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।
निःशुल्क सुगर तथा युरिक एसिड परीक्षण
निःशुल्क औषधी वितरण
पुनश्च: फोनबाट पनि नाम दर्ता गर्न सकिने छ ।
सम्पर्क :
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
सभागृहचोक, न्यूरोड, पोखरा, फोन नं. ०६१-५७१४०८, ९८६६४१५३८०, ९८५६०२६७५०
सभागृहचोक मिडटाउनबाट पछाडि एनआइसी बैंक तथा जिसी बिजुली पसल भएको भवनबाट २०० मिटर भित्र